धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ८६ ◆ २०८३ असोज २६ सोमबार ◆ Monday, October 12, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## बेत्रावतीमा जोडियो एक्रो ब्रिज, स्याफ्रुबेँसीसम्मै खुल्यो सडक

प्रत्यूष समाचारदाता

रसुवा । गत भदौ १० गतेको भोटेकोशी/त्रिशूली बाढीले बेत्रावती स्थित फलाकु खोलाको पक्की पुल बगाएपछि राष्ट्रिय सडक सञ्जाल बाट बाहिरिएको रसुवा जिल्ला नेपाली सेनाले 'एक्रो ब्रिज' जडान गरेसँगै पुनःसडक सञ्जालमा जोडिएको छ ।

बेत्रावतीमा पुल सञ्चालनमा आएसँगै रसुवा-नुवाकोट आवतजावत गर्ने सवारी साधनले अप्ठ्यारा र लामा वैकल्पिक सडक प्रयोग गर्नुपर्ने बाध्यता हटेको छ । सेनाले निर्माण गरेको सो पुल आइतबार एक कार्यक्रमबीच गल्छी-रसुवागढी सडक आयोजनालाई हस्तान्तरण गरिएको हो ।

रसुवाको उत्तरगया नगर पालिका-५ र नुवाकोटको विदुर नगरपालिका-१० जोड्ने फलाकु खोलामा निर्मित नयाँ र पुराना पुल बाढीले बगाएपछि रसुवासँगको सडक सम्पर्क बिच्छेद भएको थियो । बाढीले अधिकांश सडक बगाएपछि सडक विभागसँगको समन्वयमा सेनाले करिब ३०० मिटरको कठिन चट्टान हटाई पहुँच मार्ग विस्तार गरी बेत्रावतीसम्म सडक खुलाएको थियो ।

सैनिक प्रवक्ता एवं सहायक रथी राजाराम बस्नेतले यही असोज २० गतेदेखि सो क्षेत्रमा एक्रो ब्रिज जडान सुरु गरी पाँचौं दिनमा गल्छी-त्रिशूली-मैलुङ-स्याफ्रुबेँसी-रसुवागढी सडक आयोजनालाई हस्तान्तरण गरिएको जानकारी दिनुभयो । करिब २४० फिट लम्बाइ र १८ फिट चौडाइको सो पुलको भारवहन क्षमता ६० टन छ । पुलको सुरक्षाका लागि भारवहन क्षमता ४० टन तोकिएको छ । सेनाले हालसम्म देशका विभिन्न भागमा ५१ वटा 'एक्रो ब्रिज' र 'बेली ब्रिज' जडान गरिसकेको प्रवक्ता बस्नेतले जानकारी दिनुभयो । ती पुलको लम्बाइ दुई हजार १७७ मिटर छ ।

नेपाली सेनाका युद्धकार्य विभागका प्रमुख एवं उपरथी अनुपजङ्ग थापाले गल्छी-त्रिशूली-मैलुङ-स्याफ्रुबेँसी-रसुवागढी सडक योजनाका प्रमुख कृष्णनाथ ओझालाई उक्त पुल हस्तान्तरण गर्नुभयो । हस्तान्तरण कार्यक्रममा रसुवाको उत्तरगया गाउँपालिका र नुवाकोटको विदुर नगरपालिकाका अध्यक्ष तथा प्रमुख एवं रसुवा र नुवाकोट जिल्लाका प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधि सहभागी हुनुहुन्थ्यो । "एक्रो ब्रिज सञ्चालनमा आएसँगै नुवाकोट तथा रसुवा आसपासका क्षेत्रका नागरिकलाई आवतजावत गर्न र बाढीबाट प्रभावित क्षेत्रमा आवश्यक राहत तथा अत्यावश्यक सामग्रीको ढुवानीमा सहजता हुने विश्वास लिइएको छ", सैनिक प्रवक्ता बस्नेतले भन्नुभयो ।

उक्त पुल निर्माणको नेतृत्व गर्नुभएका प्रमुख सेनानी करुण बहादुर थापाले ८० जना फौजको टोलीले चार दिनमा पुल जडान गर्न सफल भएको जानकारी दिनुभयो । "यही असोज २० गतेदेखि सुरु गरेर २४ गते साँझसम्म निर्माण सम्पन्न गरी आज हस्तान्तरण गरेका हौं", उहाँले भन्नुभयो । पुल निर्माणसँगै धादिङको गल्छी, नुवाकोटको देवीघाट, त्रिशूली र बेत्रावती तथा रसुवाको धुन्चे हुँदै स्याफ्रुबेँसीसम्म सडक सञ्चालनमा आएको छ । स्याप्रुबेँसीबाट रसुवागढी नाकासम्म करिब १७ किलोमिटर सडक पुनःनिर्माण गर्नुपर्ने चुनौति छ ।

पुल सञ्चालनमा आएसँगै रसुवाका विभिन्न क्षेत्रमा रोकिएका ट्रक तथा कन्टेनर धमाधम नुवाकोटतर्फ फर्केका छन् । यसअघि सेनाले गत भदौमा नुवाकोटको विदुर नगरपालिका र बेलकोटगढी नगरपालिका जोड्ने देवीघाटस्थित तादी खोलामा एक्रो ब्रिज निर्माण गरेको थियो ।

उत्तरगया गाउँपालिकाका अध्यक्ष माधवप्रसाद अर्यालले बेत्रावतीमा पुल निर्माण भएसँगै दैनिक उपभोग्य वस्तुको आपूर्ति र पुनर्निर्माणको अभियानमा राहत मिल्ने बताउनुभयो । "अहिले पनि हामी महाविपत्तिको सामना गरिरहेका छौं, पीडित तथा प्रभावित परिवार स्तब्ध हुनुहुन्छ, उहाँहरूलाई फेरि पुनर्जीवनमा फर्काउनसक्ने स्थिति त बनेकै छैन", उहाँले भन्नुभयो, "तर, पनि सुविधाको सो अवसरमा हिसाबले यो पुल बन्दा जनजीवन लाई सामान्यतर्फ फर्काउन सजिलो भएको छ ।

## बूढीगण्डकीमा बाढी, चुमनुब्रीका ३५ घर बगे

प्रतीक्षा आले

गोरखा । चुमनुब्री गाउँपालिका भएर बग्ने बूढीगण्डकीको बाढीले पैयू र बगर गाउँका ३५ घर बगाएको छ ।

दोभान, घट्टेखोला, जगत् र सल्लेरी गाउँमा व्यापक क्षति भएको चुमनुब्री गाउँपालिका की उपाध्यक्ष लक्ष्मी गुरुङले रसंचार कर्मी लाई बताउनुभयो । आइतबार गए बिहान ४:०० बजे ती गाउँमा बाढी पसेपछि नदी स्थानीय सुरक्षित स्थानतर्फ भागेका थिए । चुमनुब्री गाउँपालिका-३ का बजारमा बाढीबाट धेरै क्षति भएको उहाँले बताउनुभयो । बाढीको जोखिमलाई ध्यानमा राखेर सिर्दिबास तथा धार्चे गाउँपालिका का खोर्लाबेँसी, माछाखोला, सोती, आर्खेत र आरुघाटका बासिन्दालाई सुरक्षित स्थानमा जान आग्रह गरिएको जिल्ला प्रहरी कार्यालय गोरखाका प्रहरी निरीक्षक आकाश कँडेलले जानकारी दिनुभयो । हालसम्म बाढीबाट मानवीय क्षति भएको विवरण प्राप्त भएको छैन भने क्षतिको विस्तृत विवरण पनि प्राप्त हुन बाँकी छ ।

## देशका हिमाली र पहाडी भूभागमा वर्षा र हिमपातको सम्भावना

काठमाडौँ । हाल देशमा पश्चिमी न्यून चापीय प्रणालीका साथै मनसुनी वायुको प्रभाव छ । हिमाली भूभागमा साधारणतया बादल लागेको छ भने बाँकी भूभागमा आंशिक बादल लागेको छ ।

शनिबार दिउँसोदेखी नै हिमाली र पहाडी भू-भागमा आंशिक बादल लाग्ने तथा तराई भूभागमा मौसम मुख्यतया सफा रहनेछ ।

कोशी, बागमती र कर्णाली प्रदेशका हिमाली र पहाडी भूभागका केही स्थान तथा गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका हिमाली र पहाडी भूभागका एक-दुई स्थानमा मेघगर्जन र चट्याङसहित मध्यमसम्मको वर्षा हुने सम्भावना छ । त्यसैगरी, शनिबार राति हिमाली र पहाडी भूभागमा आंशिक बादल लाग्ने तथा तराई भूभागमा मौसम मुख्यतया सफा र हनेछ । तराईका केही भूभागमा बिहानपख हुस्सु लाग्ने सम्भावना छ । कोशी, बागमती र कर्णाली प्रदेशका हिमाली भूभागका एक-दुई स्थानमा मेघगर्जन र चट्याङसहित हल्का वर्षा तथा हिमपात हुने सम्भावना छ ।

## माधवप्रसाद पोखरेललाई साहित्य सन्ध्या-गोविन्द भट्ट स्मृति पुरस्कार

काठमाडौँ । भाषावैज्ञानिक, समालोचक तथा निबन्धकार प्राडा माधवप्रसाद पोखरेललाई रु ५० हजार राशिको साहित्य सन्ध्या-गोविन्द भट्ट स्मृति पुरस्कार प्रदान गरिएको छ ।

नेपाल प्रज्ञा-प्रतिष्ठानमा शनिबार आयोजित कार्यक्रममा प्राडा अभि सुवेदीले पुरस्कृत व्यक्तित्व पोखरेलले भाषासाहित्यको उन्नयनका निम्ति गर्नुभएको योगदानको सराहना गर्नुभयो । श्री पोखरेलले आफूलाई साहित्य सन्ध्याले सम्मान गरेकामा कृतज्ञता व्यक्त गर्नुभयो ।

त्यस अवसरमा प्राडा हेमनाथ पौडेलले समालोचक तथा कवि गोविन्द भट्टको जीवनी, व्यक्तित्व र कृतित्वबारे चर्चा गर्नुभएको थियो । साहित्यकार शान्ता मानवी र नेपाल प्रज्ञा-प्रतिष्ठानका पूर्वकुलपति गङ्गाप्रसाद उप्रेतीले पनि गोविन्द भट्ट तथा पुरस्कृत व्यक्तित्व पोखरेलका बारेमा चर्चा गर्नुभएको थियो ।

## नवरात्र प्रारम्भः खुल्यो त्रिशूली मन्दिर



महोत्तरी । शारदीय नवरात्र प्रारम्भसँगै जलेश्वरस्थित त्रिशूली देवीको मन्दिर सर्वसाधारणका लागि खुला गरिएको छ । यो मन्दिर शारदीय र वासन्तीय नवरात्रमा मात्र खोलिने परम्परा छ ।

मन्दिरमा शास्त्रोक्त विधिले आइतबार घटस्थापना गरिने र विजया दशमीसम्म यो मन्दिर खुला रहने छ । शारदीय नवरात्रमा १० दिन खोलिए पनि चैत शुक्लपक्षको वासन्ती नवरात्रमा भने प्रतिपदादेखि नवमीको मध्यरातसम्ममात्र खोलिने गरेको जलेश्वरनाथ महादेव मन्दिरका मुख्य पुजारी उपेन्द्र पाठकले संचारकर्मी हरुलाई बताउनुभयो ।

जलेश्वरनाथ शिवलिङ्गसँगै त्रिशूली देवी स्थापना भएको जनविश्वास छ । नवरात्रभर त्रिशूली देवीको नित्य पूजाअर्चना जलेश्वरनाथ महादेव मन्दिरका पुजारीबाटै हुँदै आएको छ । त्रिशूली देवीको दर्शनका लागि महोत्तरीसहित मिथिला क्षेत्रका धनुषा, सर्लाही , सिरहा र छिमेकी मुलुक भारतका सीतामढी, मधुवनी, शिवहर र झञ्झारपुर जिल्लासम्मका श्रद्धालु आउने गरेका छन् ।

## विश्वकप लिग-२ः क्यानडाविरुद्ध नेपालको जित

प्रत्यूष समाचारदाता

काठमाडौँ । आइसिसी पुरुष क्रिकेट विश्वकप लिग-२ अन्तर्गत ओमानमा जारी त्रिकोणात्मक शृङ्खलामा क्यानडाविरुद्ध नेपाल आइतबार २४ रनले विजयी भएको छ । जारी लिग-२ मा नेपालको १२औं जित हो । यो जितपछि नेपालले एकदिवसीय अन्तराष्ट्रिय मान्यता जोगाउने सम्भावना बढेको छ । आइतबार भएको खेलमा नेपालले दिएको २३६ रनको मध्यम लक्ष्य पछ्याएको क्यानडा ४८ दशमलव चार ओभरमा २११ रनमा अलआउट भयो । उसका लागि आरोन जोनसनले ४४, समित गोहेलले ३५, अखिल कुमारले अविजित ३०, श्रेयस मोभ्वा र हम्जा तारिकले २६/२६ रन जोडे । बाँकी ब्याटरको प्रदर्शन सन्तोष जनक देखिएन । नेपालका लागि बलिङतर्फ ललित राजवंशी, सन्दीप लामिछाने, करण केसी र नन्दन यादवले दुई/दुई विकेट लिए । त्यसअघि मस्कटस्थित अल अमरात क्रिकेट मैदानमा टस हारेर ब्याटिङको मौका पाएको नेपालले निर्धारित ५० ओभरमा सबै विकेट गुमाएर २३५ रन बनायो ।

नेपालका लागि कप्तान रोहितकुमार पौडेलले सानदार पारी खेले । उनले १०७ बलमा आठ चौका र एक छक्कासहित १०१ रनको पारी खेलेका हुन् । यस्तै, गुलशन झाले ४८ बसिर अहमदले ३० र अर्जुन कुमालले २३ रन जोडे । क्यानडाका लागि बलिङमा अखिल कुमारले सर्वाधिक चार विकेट लिए । यो जितपछि नेपाल अङ्क तालिका को छैटौं स्थानमा उक्लिएको छ । नेपालले अहिलेसम्म ३३ खेलमध्ये १२ खेलमा जित र १९ खेलमा पराजय व्यहोरेको छ । यस्तै, नेपालले दुई खेलमा अङ्क बाँडेको छ ।

## चितवनका आठ स्थानमा यात्रु सहायता कक्ष सञ्चालन

नारायणगढ । चाडपर्वका अवसरमा यात्रुको सहजता, सडक सुरक्षा र शान्तिसुरक्षालाई ध्यानमा राखी चितवनका आठ स्थानमा यात्रु सहायता कक्ष सञ्चालनमा ल्याइएको छ । जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय र जिल्ला ट्राफिक प्रहरी कार्यालय चितवनको संयुक्त पहलमा यात्रु सहायता कक्ष सञ्चालन ल्याइएको हो ।

प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले चाडपर्वका समयमा यात्रुलाई आवश्यक सूचना उपलब्ध गराउने, यात्रा सहजीकरण गर्ने तथा यात्रुका समस्या र गुनासो तत्काल सम्बोधन गर्ने उद्देश्यले सहायता कक्ष सञ्चालन मा ल्याइएको समेत बताउनुभयो । उहाँले भन्नुभयो, "चाडपर्वका समयमा सडक सुरक्षालाई व्यवस्थित बनाउनु र यात्रु तथा अन्य सरोकार भएकालाई पर्ने समस्या तथा गुनासो तत्काल सम्बोधन गर्नु सहायता कक्षको उद्देश्य हो ।"

अर्यालले राजमार्गमा सडक अवरोध हुँदा त्यसको समाधानका लागि जिल्ला प्रशासन कार्यालयका तर्फबाट पहल भइरहेको बताउनुभयो । उहाँले चाडपर्व लक्षित सुरक्षा व्यवस्था, सडक सुरक्षा तथा स्वास्थ्य सहायता कक्षसमेत राखिने जानकारी दिनुभयो ।

यसका लागि स्थानीय तह र सम्बन्धित निकाय सँग समन्वय गरिने उहाँको भनाइ छ । जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख प्रहरी उपरीक्षक रामेश्वर पौडेलले चाडपर्वलाई लक्षित गरी जिल्लामा विशेष सुरक्षा योजना लागू गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार चाडपर्वका समयमा हुनसक्ने आपराधिक गतिविधि, अनलाइन ठगी, जुवातास तथा सडक दुर्घटना नियन्त्रणका लागि प्रहरी र ट्राफिक प्रहरी गरी ७९७ जना सुरक्षाकर्मी परिचालन गरिएको छ ।

उहाँले पिकेट ड्युटी, गस्ती, मोबाइल गस्ती, आकस्मिक जाँच तथा लागुऔषध पहिचानका लागि विशेष टोली परिचालन गरिने बताउनुभयो । चाडपर्वमा घर छाडेर यात्रा गर्दा बहुमूल्य गरगहना तथा नगद घरमा नराख्न, सम्भव भए बैंकको लकरमा सुरक्षित राख्न उहाँले आग्रह गर्नुभयो । सुरक्षा सतर्कताबारे जोड दिँदै प्रहरी उपरीक्षक पौडेलले भन्नुभयो, "चाडपर्वका समयमा हुन सक्ने सानातिना घटना, अनलाइन ठगी तथा सुरक्षा चुनौतीलाई मध्यनजर गर्दै हामीले सुरक्षाकर्मी परिचालन गरेका छौं ।

नागरिकको जीवन र सम्पत्तिको सुरक्षाका लागि प्रहरी २४सै घण्टा उच्च सतर्कताका साथ खटिनेछ । बहुमूल्य धनमाल बैंकको लकरमा राखौं र यात्रा गर्दा विशेष सावधानी अपनाउनुहोला ।"

यसैगरी, जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी निरीक्षक अनिल थापाले चाडपर्वका समयमा सवारीसाधनको चाप बढ्ने भएकाले सडक अनुशासन कायम गर्न चालक, सहचालक र यातायात व्यवसायी जिम्मेवार हुनुपर्ने बताउनुभयो ।

*सम्पादकीय ....*

## सम्बादको संकट नहोस्

गत वर्षको भदौ २३/२४ को जेन-जी आन्दोलनले नेपालमा अर्को गम्भीर प्रश्न उजागर गर्‍यो । फ्रिडम हाउसले २०२६ मा गरिएको एक अध्ययन मूल्यांकनमा नेपाललाई १०० मध्ये ५९ अंकसहित पार्टी फ्री वर्गमा राखिएको छ । जहाँ राजनीतिक अधिकारमा २७/४० र नागरिक स्वतन्त्रतामा ३२/६० अंक दिइएको छ । प्रतिवेदनले गत भदौको जेन-जी आन्दोलनका क्रममा सुरक्षा बलको घातक बल प्रयोग र त्यसपछि सरकारी तथा अन्य भवनमा भएको हिंसात्मक विध्वंस उल्लेख गर्दै शान्तिपूर्ण भेला हुने स्वतन्त्रताको मूल्यांकनसमेत घटाएको छ । यस घटनाबाट समाजवादी लोकतन्त्रले दुईवटा पाठ सिक्नुपर्छ ।

नेपालका ठुला कम्युनिस्ट दलबिच पटक-पटक हुने एकता, विभाजन, पुनः एकता र नेतृत्व संघर्षले पनि यही प्रश्न जन्माउँछ । पछिल्लो समयसमेत ठुला कम्युनिस्ट दलका शीर्ष नेतृत्वले गरेका राजनीतिक समझदारीमा पार्टीका औपचारिक निर्णय संरचना र आन्तरिक परामर्शका विषयमा नेताभित्रै असन्तुष्टि सार्वजनिक भएको छ । २०२६ मा एमाले र नेपाली कम्युनिस्ट पार्टीबिच भएको प्रादेशिक शक्ति-सम्झौताबारे दुवै दलका केही नेताले निर्णय प्रक्रियामाथि प्रश्न उठाएका थिए । यसलाई केवल एउटा राजनीतिक बहसका रूपमा होइन, समाजवादी लोकतन्त्रको संस्थागत अभ्यासको प्रश्नका रूपमा हेर्नुपर्छ । नेतृत्व बलियो हुनु समस्या होइन । तर, संस्थाभन्दा नेतृत्व बलियो हुँदै जानु समस्या हो । लोकतन्त्रमा नेता संस्थाभित्र हुन्छ, संस्था नेताभित्र हुँदैन । यही कुरा नयाँ राजनीतिक शक्तिमा पनि लागू हुन्छ । पुराना दलको विकल्प बन्ने दाबी गर्ने नयाँ शक्तिले पनि यदि प्रश्न गर्ने कार्यकर्तालाई असहज ठान्छ, आलोचकलाई विरोधी ठान्छ र सामाजिक सञ्जालको लोकप्रियतालाई नै लोकतान्त्रिक वैधताको मापदण्ड बनाउँछ भने यसबाट राजनीतिक संस्कार नभई राजनीतिक पात्र मात्र बदलिन्छन् ।

नेपालका कम्युनिस्ट तथा समाजवादी लोकतान्त्रिक भनिने दलले लामो समयदेखि जनवाद, सामाजिक न्याय, समानता, श्रमजीवी वर्गको अधिकार, उत्पीडित समुदायको मुक्ति र लोकतान्त्रिक गणतन्त्रको पक्षमा राजनीति गर्दै आएका छन् । तर, व्यवहारमा पार्टीभित्र नेतृत्वप्रति प्रश्न गर्ने संस्कृति कति बलियो छ ? फरक मत राख्ने कार्यकर्ताले आफ्नो राजनीतिक अस्तित्व जोगाउन सक्छ कि सक्दैन ? नेतृत्वको निर्णयमाथि आलोचना गर्दा त्यसलाई वैचारिक बहस मानिन्छ कि अनुशासनको समस्याका रूपमा लिइन्छ ? रोजा लक्जेम्वर्गको दृष्टिमा यही प्रश्न निर्णायक हुन्छ ।

समाजवाद केवल सत्ता परिवर्तनको हतियार बन्यो । विचारको स्वतन्त्रता र असहमतिको अधिकार कमजोर भयो भने त्यसले आफूले आलोचना गरेको पुरानै राजनीतिक संस्कार दोहोर्‍याउन सक्छ । समाजवादी लोकतन्त्रको अर्थ एउटै विचारमा सबैलाई बाँध्नु होइन, साझा लक्ष्यभित्र फरक विचार, फरक बहस र आलोचनालाई स्थान दिनु हो । राज्यको दमन र नागरिकको अराजकता एक-अर्काको विकल्प होइनन्, दुवै लोकतान्त्रिक संवादका संकट हुन् ।

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका “प्रत्यूष राष्ट्रिय दैनिक तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
नीलकण्ठ -३, धादिङबेसी,
फोन ०१०-५२१४३०,९८४११२०८५०
Email : pratyushdainik@gmail.com

# माथि पहिरोको डर, तल मर्स्याङ्दीको त्रास

*जनक श्रेष्ठ*

माथि अग्ला पहाडका भीर, साँघुरा घुम्ती र तल वेगले बग्ने मर्स्याङ्दी नदी । बीचबाट अघि बढेको छ-बेंसीसहर-चामे सडक । हिमालपारिको जिल्ला मनाङलाई सडक सञ्जालसँग जोड्ने यही एक मात्र मुख्य सडक मनाङको जीवनरेखा हो ।

यही सडकबाट खाद्यान्न, औषधि, इन्धन, निर्माण सामग्री र दैनिक उपभोग्य वस्तु मनाङ पुग्छन् । बिरामी उपचारका लागि बाहिरिन्छन्, विद्यार्थी तथा स्थानीयको आवतजावत हुन्छ, व्यापारीले सामान ओसारपसार गर्छन् भने स्वदेशी तथा विदेशी पर्यटक यही मार्ग हुँदै अन्नपूर्ण क्षेत्रतर्फ पुग्छन् । पछिल्ला वर्षमा मर्स्याङ्दी करिडोर क्षेत्रमा निर्माणाधीन तथा सञ्चालनमा रहेका जलविद्युत् आयोजनाका उपकरण, निर्माण सामग्री र कर्मचारी बोकेका सवारी साधन समेत यही सडकमा निर्भर छन् तर वर्षायाम सुरु भएसँगै यही जीवनरेखा जोखिमको बाटो बन्ने गरेको छ । यस वर्ष असोज ८ देखि ११ गतेसम्म लगातार परेको वर्षापछि आएको बाढी पहिरोले बेंसीसहर-चामे सडकका विभिन्न स्थानमा ठूलो क्षति पुर्‍यायो ।

बाढी पहिरोका कारण करिब ३५ स्थानमा सडक प्रभावित भएपछि पाँच-छ दिनसम्म सडक अवरुद्ध भयो । कतिपय स्थानमा पहिरो पन्छाउनुपर्‍यो भने कतिपय ठाउँमा सडक नै बगाएपछि नयाँ ट्र्याक खोल्नुपरेको थियो । डुम्रे-बेंसीसहर-चामे सडक आयोजना कार्यालयका सूचना अधिकारी नवीन विष्टका अनुसार बाढी पहिरोबाट क्षति भएका ३५ स्थानमध्ये २९ स्थानमा पहिरो हटाइएको छ भने सडकको ट्र्याक नै बगाएका छ स्थानमा नयाँ ट्र्याक खोलेर यातायात सञ्चालनमा ल्याइएको छ । “अहिले सडक सञ्चालनमा ल्याएका छौं तर केही ठाउँमा नयाँ ट्र्याकबाट सवारी सञ्चालन भइरहेको छ । ती ट्र्याक कच्ची छन्, त्यसैले जोखिम अझै उच्च छ,” उहाँले भन्नुभयो ।

कतिपय स्थानमा काठे पुलसमेत बाढीले बगाएको छ । दुईवटा काठे पुल बगेपछि केही ठाउँमा खोला तरेरै सवारी सञ्चालन गर्नुपर्ने अवस्था आएको छ । सडक खुले पनि पुरानै अवस्थामा यातायात सञ्चालन हुन नसकेका कारण अहिलेको यात्रा जोखिममुक्त भने छैन । वर्षा दोहोरिएमा नयाँ खोलिएका कच्ची ट्र्याक पुनः क्षतिग्रस्त हुनसक्ने र सडक फेरि अवरुद्ध हुनसक्ने जोखिम रहेको आयोजनाले जनाएको छ । करिब ६५ किलोमिटर लामो बेंसीसहर-चामे सडकमा बेंसीसहर देखि खुदीसम्मको खण्ड कालोपत्र भएको छ ।

अधिकांश सडक अझै साँघुरो र कच्ची अवस्थामा छ । कतिपय जोखिमयुक्त स्थानमा ढलान तथा संरक्षणका काम गरिए पनि धेरै ठाउँमा सडक साँघुरो, चिप्लो र पहिरोको जोखिमयुक्त छ । सडकका केही स्थानमा अझै काठे पुल सञ्चालनमा छन् । वर्षायाममा सडकको जोखिम असारदेखि असोजको पहिलो सातासम्म बढी हुने गरे पनि यस वर्ष असोजको दोस्रो सातासम्म परेको निरन्तर वर्षाले जोखिमलाई थप बढाइदियो । माथिबाट पहिरो र ठूला ढुङ्गा खस्ने तथा तल मर्स्याङ्दी नदी र खोलाले सडक कटान गर्ने दोहोरो जोखिमका कारण सडक जुनसुकै बेला अवरुद्ध हुने अवस्था छ । लमजुङतर्फ मर्स्याङ्दी गाउँपालिका-४ राम बजार क्षेत्र पनि बाढीपहिरोबाट प्रभावित भयो । पहिरोले सडक लामो समय अवरुद्ध भएपछि सडक आयोजना कार्यालयले मेसिन परिचालन गरी पहिरो हटाएर यातायात सञ्चालनमा ल्याएको थियो । बाढी र पहिरोको जोखिम कायमै रहेकाले उक्त क्षेत्रलाई पनि संवेदनशील खण्डका रूपमा हेरिएको छ ।

बेंसीसहर नगरपालिका-६ स्थित खरखरे भिर भने वर्षौंदेखि नै जोखिमयुक्त क्षेत्रका रूपमा चिनिँदै आएको छ । यहाँ माथिबाट पहिरो र ठूला ढुङ्गा खस्ने तथा तल मर्स्याङ्दी नदीले सडक कटान गर्ने दोहोरो जोखिम छ । सामान्य वर्षा हुँदा पनि पहिरो खस्ने र सडक अवरुद्ध हुने गरेको छ । खरखरे क्षेत्रको करिब ८० मिटर सडक अत्यन्त संवेदनशील रहेको सडक आयोजना कार्यालयले जनाएको छ । पहिरो नियन्त्रण तथा सडक संरक्षणका लागि करिब २० करोड रुपैयाँ लागत अनुमान गरिएको योजनाको ठेक्का १६ करोड ४८ लाख रुपैयाँमा खरीढुङ्गा-गोलसेस्वरा जेभीले पाएको थियो । सम्झौता अनुसार २०८० मङ्सिरभित्र काम सम्पन्न गर्ने लक्ष्य राखिए पनि निर्माण कार्यले अपेक्षित गति लिन नसकेपछि म्याद थप गरी २०८२ मङ्सिरसम्म पुर्‍याइएको थियो । त्यस अवधिमा पनि काम सम्पन्न हुन नसकेपछि पुनः निर्माणलाई तीव्रता दिँदै गत भदौभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको थियो तर वर्षायाम सुरु भएपछि निर्माण कार्य प्रभावित भएको छ ।

सूचना अधिकारी विष्टका अनुसार खरखरेमा हालसम्म करिब ६० प्रतिशत मात्रै काम सम्पन्न भएको छ । संरक्षणको काम समयमै सम्पन्न हुन नसक्दा यस वर्षको वर्षायाममा पनि उक्त क्षेत्र उच्च जोखिममा रहेको बताउनुभयो । “यो क्षेत्रमा माथिबाट पहिरो र ठूला ढुङ्गा झर्ने तथा तल मर्स्याङ्दी नदीले कटान गर्ने दोहोरो जोखिम छ,” उहाँले भन्नुभयो, “संरक्षणको काम समयमै सम्पन्न भएको भए जोखिम धेरै हदसम्म कम हुने थियो । अहिले पनि यो क्षेत्रलाई विशेष निगरानीमा राखेका छौं ।”

बेंसीसहर नगरपालिका-६ का वडाध्यक्ष प्रकाश थापाका अनुसार खरखरे क्षेत्रमा सामान्य वर्षा हुँदा पनि पहिरो खस्ने जोखिम उच्च छ । निर्माण कार्य ढिलो हुँदा स्थानीय बासिन्दा र सडक प्रयोगकर्ता दुवै जोखिममा परेको बताउनुभयो । “पहिरो नियन्त्रणको काम समयमै सम्पन्न भएको भए अहिलेको जस्तो त्रास हुँदैनथ्यो,” उहाँले भन्नुभयो, “पहिरो विस्तार हुँदै माथिल्लो भागतर्फ बढिरहेको छ । फाँटगाउँका करिब २०-२५ घरधुरी जोखिममा पर्दै आएका छन् । पहिरो बस्ती नजिक पुग्न अब करिब पाँचदेखि सात सय मिटर दूरी मात्रै बाँकी छ ।” लामो समयदेखि बेंसीसहर-चामे सडकमा सवारी चलाउँदै आउनु भएका चालक राजु मगरातीका लागि भने सडकको यो जोखिम दैनिक भोगाइ बनेको छ । उहाँका अनुसार माथि भीर र तल मर्स्याङ्दी नदीका कारण कतिपय स्थानमा निकै डर मानेर सवारी चलाउनुपर्ने अवस्था छ । वर्षायाममा निरन्तर वर्षा भएपछि सडक झनै जोखिमपूर्ण बन्ने गरेको उहाँले बताउनुभयो । “यहाँ सवारी चलाउँदा मनमा डर त हुन्छ नै । माथिबाट बेला-बेला ढुङ्गा खस्ने, पहिरो जाने र तल मर्स्याङ्दी नदी बगिरहेको हुन्छ । कतिपय ठाउँमा सडक पनि साँघुरो छ,” उहाँले भन्नुभयो, “आफूलाई डर लागे पनि यात्रुलाई झन् डर नलागोस् भनेर सान्त्वना दिँदै सवारी चलाउँदै आएका छौं ।” कहिलेकाहीँ सवारी गुडिरहेका बेला आँखैअगाडि ढुङ्गा खस्ने र पहिरो जाने अवस्था पनि आउने गरेको छ । कतिपय ठाउँमा पहिरो पार गरिसकेपछि समेत माथिबाट ढुङ्गा खस्ने गरेको उहाँको अनुभव छ । “यस्ता धेरै घटना भोगेर र जोखिम पार गरेर सवारी चलाउँदै आएका छौं,” उहाँले भन्नुभयो, “यो हाम्रो व्यवसाय र रोजगारी पनि हो । परिवारको गुजारा चलाउनुपर्ने भएकाले जोखिम हुँदाहुँदै पनि सवारी चलाउन बाध्य छौं ।”

स्थानीयका अनुसार ठूलो वर्षा हुँदा खरखरेमा सडक अवरुद्ध हुने मात्र होइन, पहिरो थप फैलिने चिन्तासमेत बढ्ने गरेको छ । सडक संरक्षणको काम ढिलो हुँदा यात्रुको सुरक्षासँगै स्थानीय बस्तीको भविष्यसमेत जोखिममा परेको उनीहरूको भनाइ छ । बेंसीसहर-चामे सडक अवरुद्ध हुँदा यसको प्रत्यक्ष असर हिमालपारिको जिल्ला मनाङको जनजीवनमा पर्छ । सडक बन्द भएपछि खाद्यान्न, इन्धन, औषधि र अन्य अत्यावश्यक सामग्रीको ढुवानी प्रभावित हुन्छ । बिरामीलाई उपचारका लागि बाहिर लैजान, विद्यार्थीको आवतजावत गर्न तथा व्यापारिक गतिविधि सञ्चालन गर्न कठिन हुन्छ ।

दसैं नजिकिँदै गर्दा यो सडकको महत्व झनै बढेको छ । दसैंमा घर फर्किने तथा आफन्तकहाँ जाने यात्रुको चाप बढ्नुका साथै खाद्यान्न, लत्ताकपडा र दैनिक उपभोग्य सामग्रीको ढुवानी पनि बढ्ने गर्छ । मनाङका स्थानीय मात्र होइन, पर्यटक तथा अन्य यात्रुको आवतजावतसमेत बढ्ने भएकाले सडकमा सवारीसाधनको चाप बढ्छ । यस्तो समयमा सडक अवरुद्ध हुने वा जोखिमपूर्ण अवस्थामा सवारी सञ्चालन गर्नुपर्दा यात्रु तथा स्थानीयले थप कठिनाइ बेहोर्नुपर्ने अवस्था आउँछ । मनाङवासीले यस्तो अवस्था यसअघि पनि भोगिसकेका छन् । २०७८ सालको वर्षायाममा विभिन्न स्थानमा पहिरो गएपछि बेंसीसहर-चामे सडक करिब साढे तीन महिनापछि मात्र सञ्चालनमा आएको थियो । सडक सम्पर्क टुटेपछि खाद्यान्न लगायत अत्यावश्यक सामग्रीको अभाव हुन थालेको थियो । आवतजावतका लागि कतिपय स्थानीय हेलिकोप्टर प्रयोग गर्न बाध्य भएका थिए । मनाङबाट बेंसीसहर आउन हेलिकोप्टर प्रयोग गर्दा एक यात्रुले करिब २० हजार रुपैयाँसम्म तिर्नुपरेको स्थानीयको अनुभव छ ।

अहिले सडक सञ्चालनमा आए पनि मनाङवासी ढुक्क हुन सकेका छैनन् । बाढीपहिरोले क्षति पुर्‍याएका स्थानमा अस्थायी रूपमा नयाँ ट्र्याक खोलेर यातायात जोडिएको छ । कतिपय ठाउँमा खोला तरेरै सवारी सञ्चालन गर्नुपरेको छ । वर्षा पुनः बढेमा सडकको अवस्था फेरि बिग्रन सक्ने जोखिम छ ।

बेंसीसहर-चामे सडक अन्नपूर्ण पदमार्गको प्रमुख प्रवेशद्वारसमेत हो । (बाँकी पृष्ठ ३मा)

**जलवायु परिवर्तनको असर तथा प्रभावबारे सचेत बनौं**

- जलवायु परिवर्तनले मानव जीवन, कृषि, पानी, स्वास्थ्य र जैविक विविधतामा पार्ने असरबारे सचेत बनौं,
- बाढी, पहिरो, डुबान, खडेरी तथा अन्य जलवायुजन्य जोखिमको पूर्वतयारी गरौं,
- वन तथा प्राकृतिक स्रोतको संरक्षण गरी जलवायु परिवर्तन न्यूनीकरणमा योगदान दिऔं,
- नवीकरणीय ऊर्जाको प्रयोगलाई प्रोत्साहन गरौं,
- वृक्षारोपण तथा हरियाली प्रवर्द्धन गरी कार्बन उत्सर्जन घटाउन सहयोग गरौं,
- जलस्रोतको संरक्षण गरौं र जलवायु परिवर्तनअनुकूल जीवनशैली अपनाऔं,
- प्लास्टिक तथा फोहोरजन्य प्रदूषण न्यूनीकरण गरौं,
- जलवायु परिवर्तनका जोखिमप्रति समुदायलाई सचेत र अनुकूलनशील बनाऔं ।

जलवायु परिवर्तनको असरबारे सचेत बनौं ।
जलवायु-उत्थानशील समाज निर्माण गरौं ।

नेपाल सरकार,
विज्ञापन बोर्ड

# झिलिमिली बत्तीले सिंगारिए काठमाडौँका मठमन्दिर तथा शक्तिपीठ

प्रत्यूष समाचारदाता

काठमाडौँ । दसैं, तिहारलगायतका चाडपर्वको रौनक बढेसँगै काठमाडौँ उपत्यकाका विभिन्न मठमन्दिर तथा शक्तिपीठ झिलिमिली बत्तीले सिङ्गारिएका छन् । चाडपर्वलाई उल्लासमय बनाउने उद्देश्यले मन्दिर परिसरदेखि आसपासका सडकसम्म विभिन्न रङका बत्तीले सजावट गरिएपछि धार्मिकस्थलको सौन्दर्य थपिएको छ। साँझ परेसँगै झिलिमिली बत्तीले उज्यालिएका मन्दिरमा दर्शन तथा पूजाआजाका लागि आउने भक्तजनको चहलपहल पनि बढ्न थालेको छ ।

काठमाडौँका मैतीदेवी, नक्साल भगवतीलगायतका प्रमुख मन्दिरमा गरिएको आकर्षक सजावटले धार्मिक क्षेत्रलाई थप रमणीय बनाएको छ । दिनभर पूजाआजाका लागि भक्तजन आउने गरे पनि साँझको समयमा बत्तीको उज्यालोमा मन्दिरको दृश्यावलोकन गर्ने, देवीदेवताको दर्शन गर्ने र परिवार तथा आफन्तसँग समय बिताउनेको उपस्थिति बढेको छ । झिलिमिली बत्तीले सिङ्गारिएका मन्दिर परिसर चाडपर्वको उल्लास र धार्मिक आस्थाको प्रतीकका रूपमा देखिन थालेका छन् ।

मैतीदेवी मन्दिर क्षेत्र प्रबन्ध समितिका सदस्यसचिव रमेश खड्गीले चाडपर्वको समयमा विशेषगरी साँझ मन्दिरमा दर्शन गर्न आउने भक्तजनको चहलपहल बढेको जानकारी दिनुभयो । उहाँका अनुसार परिवार तथा आफन्तसँग मन्दिर पुगेर पूजाआजा गर्ने, देवीदेवताको दर्शन गर्ने तथा सुख, शान्ति र समृद्धिको कामना गर्ने परम्पराले धार्मिकस्थलमा भक्तजन को उपस्थिति बढाएको हो । "परिवार तथा आफन्तसँग मन्दिर पुगेर पूजाआजा गर्ने, देवीदेवताको दर्शन गर्ने र सुख, शान्ति तथा समृद्धिको कामना गर्ने परम्पराले पनि धार्मिकस्थलमा भक्तजनको उपस्थिति बढाएको छ । अहिले साँझको समयमा मैतीदेवी मन्दिरमा दर्शन गर्न आउने भक्तजनको घुइँचो लाग्ने गरेको छ," उहाँले भन्नुभयो । मैतीदेवी मन्दिरमा गरिएको झिलिमिली बत्तीको सजावटले धार्मिक वातावरणलाई थप आकर्षक बनाएको उहाँको भनाइ छ । चाडपर्वका अवसरमा मन्दिर परिसरलाई उज्यालो र व्यवस्थित बनाउने प्रयासले भक्तजनलाई पूजाआजा गर्न सहज हुनुका साथै धार्मिकस्थलको सौन्दर्यसमेत बढाएको छ ।

त्यसैगरी नक्साल भगवती मन्दिर पनि विभिन्न रङका बत्तीले सिङ्गारिएपछि दर्शनार्थीको आकर्षण को केन्द्र बनेको छ । मन्दिर परिसरमा गरिएको सजावटले दसैंको आगमनसँगै चाडपर्वको उमङ्ग बढाएको स्थानीय बताउँछन् । साँझको समयमा मन्दिरमा बत्ती बल्न थालेपछि आसपासको क्षेत्रसमेत उज्यालो देखिने गरेको छ। मन्दिरमा पूजाआजा गर्न आउने भक्तजनका साथै सजावट अवलोकन गर्न आउनेको चहलपहल ले यस क्षेत्रको वातावरण थप उत्साहपूर्ण बनेको छ ।

नेपाली समाजमा दसैं, तिहारलगायतका चाडपर्वलाई धार्मिक आस्था, पारिवारिक मिलन र सामाजिक सद्भावका महत्त्वपूर्ण अवसरका रूपमा लिने गरिन्छ । दसैंमा शक्तिस्वरूपा देवीको पूजाआराधना गर्ने तथा तिहारमा दीप प्रज्वलन गरी घर, मन्दिर र सार्वजनिकस्थललाई उज्यालो बनाउने परम्परा छ। यही सांस्कृतिक तथा धार्मिक परम्पराअनुसार चाडपर्वको समयमा मठमन्दिर तथा शक्तिपीठलाई विशेष रूपमा सजाउने गरिन्छ । मैतीदेवीका स्थानीय मधुकर पुडासैनीले चाडपर्वको समयमा धार्मिकस्थलमा गरिने सजावटले धार्मिक आस्थासँगै सांस्कृतिक र ऐतिहासिक महत्त्वलाई पनि उजागर गर्ने बताउनुभयो । उहाँका अनुसार काठमाडौँ उपत्यका का मठमन्दिर तथा शक्तिपीठ धार्मिक आस्थाका केन्द्रमात्र नभई उपत्यका को सांस्कृतिक पहिचान र ऐतिहासिक सम्पदाका रूपमा समेत परिचित छन् ।

"काठमाडौँ उपत्यकामा रहेका मठमन्दिर तथा शक्तिपीठ धार्मिक आस्थाका केन्द्रमात्र नभई यहाँको सांस्कृतिक तथा ऐतिहासिक पहिचानका महत्त्वपूर्ण सम्पदासमेत हुन् । यही परम्पराअनुसार मन्दिर तथा शक्तिपीठमा पनि विशेष सजावट गर्ने गरिएको छ", उहाँले भन्नुभयो । उहाँका अनुसार चाडपर्वका अवसरमा गरिने सजावटले धार्मिकस्थलको सुन्दरता बढाउनुका साथै स्थानीय क्षेत्रमा चाडपर्वको रौनक थप्न सहयोग पुर्‍याएको छ । धार्मिक परम्परालाई निरन्तरता दिनुका साथै नयाँ पुस्तालाई सांस्कृतिक सम्पदा र परम्पराबारे जानकारी गराउन पनि यस्ता गतिविधि उपयोगी हुने उहाँको भनाइ छ । चाडपर्वको समयमा मन्दिरमा दर्शन गर्न आउने भक्तजनको सङ्ख्या बढ्ने भएकाले सहज आवागमन, सरसफाइ र सुरक्षामा विशेष ध्यान दिनुपर्ने बर्दियाबाट मैतीदेवी मन्दिरमा दर्शन गर्न आउनुभएका रमेशकुमार थारूले बताउनुभयो । धार्मिकस्थलमा भक्तजनको भीड बढ्ने समयमा मन्दिर परिसर सफा राख्ने, आवतजावत व्यवस्थित बनाउने तथा सुरक्षाको उचित प्रबन्ध मिलाउने विषय महत्वपूर्ण हुने उहाँको भनाइ छ । "धार्मिक आस्थासँगै सांस्कृतिक परम्परा र सामाजिक सद्भावलाई जोड्ने यस्ता गतिविधिले काठमाडौँको चाडपर्वमय वातावरणलाई थप जीवन्त बनाएका छन् । यहाँको सुरक्षालगायतका कुरामा विशेष ध्यान दिनु आवश्यक छ", उहाँले भन्नुभयो । नक्साल क्षेत्रमा व्यापार व्यवसाय गर्दै आउनुभएका स्थानीय धर्मेन्द्रकुमार क्षेत्रीले यहाँका मठमन्दिर तथा शक्तिपीठलाई नयाँ दुलहीझैँ सिङ्गारिएपछि साँझको समयमा दर्शन तथा पूजा-आजाका लागि आउने भक्तजनको चहलपहल बढेको बताउनुभयो । उहाँका अनुसार मन्दिरमा गरिएको आकर्षक सजावट र झिलिमिली बत्तीले दसैं पर्वको अनुभूति गराउनुका साथै धार्मिक क्षेत्रको सौन्दर्यसमेत बढाएको छ ।

# वैदेशिक रोजगारी छाडेर गाउँमै बाख्रापालनमा रमाउँदै लक्ष्मीप्रसाद

भोजपुर । वैदेशिक रोजगारीबाट फर्किएपछि पुनः विदेश जाने सोच बनाउने युवाका लागि भोजपुरको अरुण गाउँपालिका-७ ढुङ्गेका लक्ष्मीप्रसाद अधिकारी उदाहरण बन्नुभएको छ । करिब छ वर्ष मलेसियामा रोजगारी गरेर फर्किनुभएका अधिकारीले गाउँमै व्यावसायिक बाख्रापालन सुरु गरी वार्षिक करिब रु एक लाख ५० हजारसम्म आम्दानी गर्दै आउनु भएको छ ।

विदेशमा कमाएको पुँजी, सिकेको सीप र प्राप्त अनुभवलाई आफ्नै गाउँमा उपयोग गर्ने सोचले उहाँले पाँच वर्षअघि बाख्रापालन सुरु गर्नुभएको हो । अहिले बाख्रापालन उहाँको आम्दानीको महत्त्वपूर्ण आधार बनेको छ । कृषि तथा पशुपालनलाई मुख्य पेसाका रूपमा अघि बढाउँदै आउनुभएका अधिकारीले स्थानीय स्रोतसाधनको उपयोग गरेर गाउँमै राम्रो आम्दानी गर्न सकिने बताउनुभयो ।

"विदेशमा गएर काम गर्नुभन्दा आफ्नै ठाउँमा केही गर्न सकिन्छ भन्ने सोचले बाख्रापालन सुरु गरेको हुँ", अधिकारीले भन्नुभयो, "मिहिनेत गर्ने हो भने गाउँमै पनि आम्दानीको राम्रो आधार बनाउन सकिन्छ ।"

विदेशमा लामो समय रोजगारी गरेपछि स्वदेश फर्किएका अधिकारीले पुनः विदेश जानुभन्दा आफ्नै गाउँमा उद्यम गर्ने बाटो रोज्नुभएको हो । बाख्रापालनका लागि आवश्यक घाँस, चरन तथा स्थानीय वातावरण अनुकूल रहेकाले पनि यो व्यवसायलाई निरन्तरता दिन सहज भएको उहाँको भनाइ छ ।

अरुण गाउँपालिका-७ सिक्रेटारले स्थानीय भूगोल र सम्भावनाअनुसार कृषि तथा पशुपालनलाई प्राथमिकता दिँदै आएको छ । वडाले व्यावसायिक रूपमा कृषि तथा पशुपालन गर्ने किसानलाई आवश्यक तालिमका साथै औजार तथा उपकरणमा सहयोग गर्दै आएको वडाध्यक्ष कुमार थापाले बताउनुभयो ।

"स्थानीयस्तरमा उपलब्ध स्रोतसाधनको उपयोग गरेर किसानलाई उत्पादनसँग जोड्ने प्रयास भइरहेको छ", वडाध्यक्ष थापाले भन्नुभयो, "विशेषगरी वैदेशिक रोजगारीबाट फर्किएका युवालाई गाउँमै उद्यम गर्न प्रेरित गर्नसके रोजगारी र आम्दानीका अवसर बढाउन सकिन्छ ।"

स्थानीयस्तरमै कृषि तथा पशुपालनका सम्भावना रहेकाले वैदेशिक रोजगारीबाट फर्किएका युवालाई व्यावसायिक उत्पादनमा जोड्न सके गाउँको अर्थतन्त्रमा पनि योगदान पुग्ने स्थानीयको भनाइ छ । अधिकारीको बाख्रापालनले विदेशबाट फर्किएका युवाले आफ्नै गाउँमा उपलब्ध स्रोतसाधन र सीपको प्रयोग गरेर आम्दानीको आधार बनाउन सकिने देखाएको छ। बाख्रापालनबाट उत्पादन भएको गोठेमलको सदुपयोग गर्दै आँप, लिची, एभोकाडोलगायत फलफूल को पनि खेती गरिरहेको किसान अधिकारीले बताउनुभयो ।

# नाकामा चाडपर्व मनाउन घर फर्किनेको भीड

कञ्चनपुर । दसैं सुरु भएसँगै रोजगारीका लागि भारतका विभिन्न सहरमा गएका नेपालीहरू घर फर्किन थालेपछि गड्डाचौकी नाकामा चहलपहल बढेको छ ।

भारतका विभिन्न स्थान मा रोजगारी गर्दै आएका नेपालीहरू चाडपर्व परिवारसँग मनाउन स्वदेश फर्किन थालेका हुन् । छिमेकी मुलुक भारतका उत्तराखण्ड, हिमाचल प्रदेश, दिल्ली, पञ्जाबलगायत क्षेत्रमा काम गर्न गएका नेपालीहरू दसैं मनाउन घर फर्किने गरेका छन् ।

देहरादुन रोजगारी गर्दै आएका अछामको ढकारीका खगेन्द्र बुढा पनि आफ्ना पाँच जना साथीसँगै चाडपर्व मनाउन घर फर्किंदै गर्दा गड्डाचौकी नाकामा भेटिनुभयो । "देहरादुनमा हामीहरू रोडमा काम गर्छौं दसैं मनाउन घर फर्किएका हौं", उहाँले भन्नुभयो, "दसैंतिहार मनाएर फेरि रोजगारी का लागि उतै जानुपर्छ ।" नेपालमा रोजगारी नहुँदा यहाँबाट थुप्रै मानिस मजदुरीका लागि भारतका विभिन्न सहरमा पुग्ने गरेको उहाँको भनाइ थियो ।

कालीकोटका निगेन्द्र शाहीले पनि हिमाञ्चल प्रदेशबाट चाडपर्व मनाउन घर फर्किएको बताउनुभयो । "हिमाञ्चलमा खेतीपातीको काम गर्छौं, त्यसको कमाइले घरखर्च चलेको छ", उहाँले भन्नुभयो, "दसैं मनाउन आउँछौं तिहारपछि फर्किने हो ।" उहाँले आफूसँगै रोजगारीका लागि गएकाहरू पनि चाडपर्व मनाउन दसैंको बेला घर फर्किने र चाडपर्वपछि रोजगारीका लागि पुनः भारत जाने गरेको बताउनुभयो । मसुरियाका मीनबहादुर कठायत पनि भारतको दिल्लीमा सुरक्षा गार्डको काम गर्नुहुन्छ । गत वर्ष चाडपर्व सकेर रोजगारीमा गएका उहाँ पनि दसैं सुरु भएपछि घर फर्किएका छन् । "सधैं दसैंमा यही नाका भएर घर फर्किन्छौं, आवतजावतमा समस्या छैन", उहाँले भन्नुभयो, "चाडपर्वपछि काममा फर्किन्छु ।"

चाडपर्वको समयमा घर फर्किने यात्रुको चाप बढेपछि यात्रुको सहजता र सुरक्षालाई ध्यानमा राख्दै जिल्ला प्रहरी कार्यालय कञ्चनपुरले जिल्लाका विभिन्न स्थानमा नागरिक सहायताकक्षसमेत स्थापना गरेको छ ।

प्रहरी नायब उपरीक्षक टेकबहादुर रावतले गड्डाचौकीनाका भएर स्वदेश फर्किने नेपालीको चाप बढेको बताउनुभयो । उहाँले चाडपर्वका बेला यात्रुको सुरक्षाका लागि नाकामा निगरानी बढाएको बताउनुभयो ।

"गड्डाचौकीनाका र महेन्द्र नगर बसपार्क गरी जिल्लाका आठ स्थानमा यात्रु सहायता कक्ष स्थापना गरेका छौं", उहाँले भन्नुभयो, "नाका र बसपार्कमा तालिमप्राप्त कुकुर परिचालन गरेर पनि सुरक्षा जाँच भइरहेको छ ।" चाडपर्वका बेला हुने आपराधिक क्रियाकलाप न्यूनीकरणका लागि प्रहरीले सुरक्षा व्यवस्था कडा पारेको छ ।

भारतबाट आउनेहरूमा विभिन्न रोग सङ्क्रमणको जोखिम रहेकाले नाकामै स्वास्थ्य जाँचको समेत व्यवस्था मिलाएको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ ।

अहिलेको पछिल्लो समय भारतबाट फर्किनेहरू नाकामा डेङ्गु, मलेरिया, एचआइभीलगायतका छ प्रकारका रोगको जाँच भइरहेको छ ।

# एक सय २३ जनाको मोतियाविन्दुको शल्यक्रिया

दमौली । तनहुँको ऋषिङ गाउँ पालिकामा सञ्चालन गरिएको निःशुल्क आँखा उपचार शिविरबाट ९५४ जना लाभान्वित भएका छन् ।

नेपाल नेत्रज्योति सङ्घ, भरतपुर आँखा अस्पताल, नेपाल नेत्रहीन सङ्घअन्तर्गत समावेशी समाजका लागि कार्य र ऋषिङ गाउँपालिकाको संयुक्त आयोजनामा सञ्चालित शिविरबाट ९५४ जना लाभान्वित भएका हुन् ।

गाउँपालिकाका सम्पूर्ण वडामा असोज १७ गतेदेखि २१ गतेसम्म सञ्चालन गरिएको घुम्ती आँखा शिविर तथा असोज २३ र २४ गते कोटदरबार स्वास्थ्य चौकीमा आयोजित निःशुल्क मोतियाविन्दुको शल्यक्रिया शिविर बाट स्थानीयले आँखा उपचार सेवा लिएका हुन् ।

शिविरमा ९५४ जनाले सेवा लिएकामध्ये ५७६ जनाको आँखासम्बन्धी विभिन्न समस्याको परीक्षण तथा उपचार गरिएको छ । त्यस्तै, नजिकको दृष्टिमा समस्या भएका १०१ जनालाई चश्मा वितरण गरिएको छ भने मोतिया विन्दुको समस्या भएका १०३ जनाको निःशुल्क शल्यक्रिया गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अनिल अम्गाईंले जानकारी दिनुभयो । उहाँका अनुसार गाउँपालिकाका विभिन्न वडामा घुम्ती शिविर सञ्चालन गरी स्थानीय नागरि कलाई सहज रूपमा आँखा उपचार सेवा उपलब्ध गराइएको हो । विशेषगरी आर्थिक तथा भौगोलिक कठिनाइका कारण आँखा परीक्षण र उपचारका लागि स्वास्थ्य संस्थासम्म पुग्न नसक्ने नागरि कलाई लक्षित गरी शिविर सञ्चालन गरिएको हो । गाउँ पालिकाका विभिन्न वडामा सञ्चालन गरिएको शिविर र कोटदरबार स्वास्थ्यचौकीमा भएको शल्यक्रिया सेवाले आँखा सम्बन्धी समस्या भएका नागरिक लाई उपचारमा सहजता प्रदान गरेको उहाँले बताउनुभयो । विशेषगरी मोतियाविन्दुको शल्यक्रिया निःशुल्क रूपमा उपलब्ध हुँदा आर्थिक अवस्था कमजोर भएका सेवाग्राहीलाई राहत पुगेको छ । स्थानीयस्तरमै आँखा परीक्षण, उपचार, चश्मा वितरण तथा मोतियाविन्दुको शल्यक्रिया जस्ता सेवा उपलब्ध गराउँदा नागरिकको स्वास्थ्य सेवामा पहुँच बढ्नुका साथै समय र खर्च पनि बचत भएको छ ।

## माथि पहिरोको ....

यही सडक हुँदै स्वदेशी तथा विदेशी पर्यटक मनाङ पुग्ने गर्छन् । सडकको अवस्था कमजोर हुँदा पर्यटकको आवागमनमा असर पर्नुका साथै होटल, होमस्टे, यातायात, पसल तथा अन्य पर्यटन व्यवसायसमेत प्रभावित हुन्छन् । सडकमा दैनिक दर्जनौं जिप तथा अन्य सवारीसाधन सञ्चालन हुन्छन् । मनाङका बासिन्दाको दैनिक आवतजावतदेखि खाद्यान्न, इन्धन, औषधि र निर्माण सामग्रीको ढुवानी यही सडकबाट हुन्छ । मर्स्याङ्दी करिडोर क्षेत्रमा निर्माणाधीन तथा सञ्चालनमा रहेका जलविद्युत् आयोजनाका उपकरण र निर्माण सामग्री ढुवानीमा समेत सडकको महत्वपूर्ण भूमिका छ । त्यसैले यो सडक केवल आवतजावतको माध्यम नभई मनाङको पर्यटन, व्यापार, विकास निर्माण र समग्र आर्थिक गतिविधिको आधार बनेको छ ।

बेंसीसहरदेखि चामेसम्मको सम्पूर्ण सडक कालोपत्र गर्ने योजना रहे पनि वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) अध्ययन समयमै सम्पन्न हुन नसक्दा आवश्यक बजेट विनियोजन हुन नसकेको उहाँले बताउनुभयो । "बेंसीसहर-खुदी खण्डमा जस्तै बाँकी सडकका लागि पनि चरणबद्ध रूपमा बजेट विनियोजन गरेर कालोपत्र गर्न आवश्यक छ," उहाँले भन्नुभयो, "सडक स्तरोन्नति भएपछि यात्रुको जोखिम कम हुनुका साथै मनाङको पर्यटन, व्यापार र स्थानीय जनजीवनमा सकारात्मक प्रभाव पर्नेछ ।"

भौगोलिक रूपमा अत्यन्त जटिल क्षेत्रमा निर्माण गरिएको बेंसीसहर-चामे सडकमा हरेक वर्ष वर्षायामसँगै जोखिम दोहोरिन्छ । माथिबाट पहिरो र ढुङ्गा खस्छ, तल मर्स्याङ्दीको बहाव बढ्छ । कतै सडक भासिन्छ, कतै नदीले सडकको भाग कटान गर्छ । कतिपय स्थानमा काठे पुल बगाउँछ र कतै नयाँ ट्र्याक खोलेर मात्र आवागमन जोड्नुपर्ने अवस्था आउँछ। यस वर्षको असोजको बाढी पहिरोले यही जोखिमलाई फेरि उजागर गरेको छ । ३५ स्थानमा क्षति पुगेपछि पाँच-छ दिन अवरुद्ध भएको सडक तत्कालका लागि सञ्चालनमा आए पनि जोखिम अझै उच्च छ ।

जोखिमयुक्त स्थानमा स्थायी पहिरो नियन्त्रण, नदी कटान रोक्ने संरचना, सुरक्षित पुल निर्माण, सडक स्तरोन्नति र निर्माणाधीन आयोजना समयमै सम्पन्न गर्नु अब विकासको मात्र विषय रहेन । यो मनाङको सुरक्षित आवतजावत, पर्यटन, व्यापार र हजारौं नागरिकको दैनिक जीवनसँग जोडिएको आवश्यकता बनेको छ ।

## बाँदरको आतंकपछि अदुवा र बेसारखेती गर्दै किसान

सुनसरी। बाँदरको आतङ्का कारण धरान उपमहानगरपालिका-२० विष्णुपादुकाका किसान परम्परागत धान, मकै र कोदोखेती छाडेर अदुवा तथा बेसारखेतीतर्फ आकर्षित हुन थालेका छन्। बाँदरले बाली नष्ट गर्न थालेपछि कतिपय किसानले खेतबारी बाँझै छाडेका छन् भने केहीले बाँदरले कम क्षति पुर्याउने अदुवा र बेसारखेती गर्न थालेका हुन्।

कुनै समय अम्लिसो उत्पादनका लागि परिचित यस क्षेत्रमा बाँदरले अम्लिसोको कलिलो सुइरोसमेत खाइदिने गरेपछि यसको खेती घट्दै गएको स्थानीय किसानको भनाइ छ। धरान-२० का किसान पदम राईले व्यावसायिक रूपमा अदुवाखेती गर्दै आउनुभएको छ।

उहाँले वार्षिक १० देखि ११ क्विन्टलसम्म अदुवा उत्पादन गरी बिक्री गर्दै आएको बताउनुभयो। “पहिले मकैखेती गर्थें। बाँदरले दुःख दिन थालेपछि अदुवाखेती गर्न थालेको हुँ। बाँदरले अदुवा नखाने भएकाले यसको खेती गर्न सहज भएको छ”, उहाँले भन्नुभयो।

मौसमले साथ दिएमा अदुवाखेतीबाट मनग्य आम्दानी हुने राईले बताउनुभयो। गत वर्षको तुलनामा अहिले बजारमा अदुवाको मूल्य राम्रो भएकाले आम्दानी पनि सन्तोषजनक रहेको उहाँको भनाइ छ। कहिलेकाहीं सामान्य रोग तथा कीराको सङ्क्रमण देखिए पनि ठूलो नोक्सान हुने अवस्था नरहेको उहाँले बताउनुभयो। अदुवासँगै लसुन र बेसारखेती गर्दै आउनुभएका राईले वार्षिक रु सात लाखसम्म आम्दानी हुने गरेको जानकारी दिनुभयो। मौसम अनुकूल हुनुका साथै रोग तथा कीराको सङ्क्रमण नदेखिए अदुवाखेतीबाट राम्रो आम्दानी गर्न सकिने उहाँको अनुभव छ।

शिक्षण पेसा छाडेर व्यावसायिक अदुवाखेतीमा लाग्नु भएका अर्का किसान तिलक राईले पनि अदुवाखेतीबाट मनग्य आम्दानी गर्दै आउनुभएको छ। उहाँले वार्षिक सातदेखि १० क्विन्टलसम्म अदुवा उत्पादन हुने गरेको बताउनुभयो। गत वर्ष अदुवा खुद्रा बजारमा प्रतिकिलो रु १५० देखि रु २८० सम्ममा बिक्री भएकाले यस वर्ष पनि सोहीअनुसार मूल्य आउनेमा सन्तोषजनक रहेको उहाँले बताउनुभयो।

अदुवाखेतीका लागि केही भिरालो ठाउँ र खुकुलो माटो आवश्यक पर्ने उहाँले बताउनुभयो। “जमिन राम्रो भयो भने अदुवाखेतीबाटै मनग्य आम्दानी गर्न सकिन्छ। पहिले गाउँमा अधिकांश किसानले मकै र कोदोखेती गर्थे। अहिले बाँदरको समस्याका कारण धेरैले अदुवा र बेसार खेती गर्न थालेका छन्”, उहाँले भन्नुभयो। राईका अनुसार विष्णुपादुकामा अहिले २०० भन्दा बढी किसान अदुवाखेतीमा संलग्न छन्। उहाँले अदुवाखेतीसँगै अम्लिसो, बेसार, अकबरे खुर्सानीलगायत कृषिउपज उत्पादनसम्बन्धी तालिमसमेत दिँदै आउनुभएको छ। यहाँ उत्पादित अदुवा र बेसार किसानले बिक्रीका लागि धरानस्थित कृषिउपज बजार तथा धरान-११ को मङ्गलबारे बजारमा ल्याउने गरेका छन्।

धरान-२० का स्थानीय ध्रुव साम्पाङ राईले बाँदरको आतङ्का कारण खेतीपाती गर्नै छाड्नुपर्ने अवस्था आएको बताउनुभयो। बाँदरको समस्याकै कारण सो क्षेत्रमा करिब ८० प्रतिशत जग्गा बाँझो रहेको उहाँको भनाइ छ। बाली जोगाउन बाँदरको दिनरात निगरानी गर्नुपर्ने भएकाले खेती गर्न कठिन भएको उहाँले बताउनुभयो।

बाँदर नियन्त्रणका लागि स्थानीय तहले विगतमा गरेका प्रयाससमेत प्रभावकारी हुन नसकेको साम्पाङको भनाइ छ। “बाँदरलाई नियन्त्रण गरेर अन्यत्र पठाउँदा पनि फेरि फर्किएर आउने समस्या छ। नियन्त्रण गरिएका बाँदरलाई कहाँ व्यवस्थापन गर्ने भन्ने पनि चुनौती छ”, उहाँले भन्नुभयो। बाँदरको समस्या धरानमा मात्र नभई देशका विभिन्न ठाउँमा रहेको उल्लेख गर्दै साम्पाङले यसको दीर्घकालीन समाधानका लागि सङ्घीय सरकारले स्पष्ट नीति र प्रभावकारी योजना बनाउनुपर्ने आवश्यकता रहेको औँल्याउनुभयो।

विगतको तुलनामा यस वर्ष अदुवाको मूल्य बढेको धरानस्थित कृषिउपज बजार व्यवस्थापन समितिका अध्यक्ष लक्ष्मण भट्टराईले बताउनुभयो।

धरान आसपासका क्षेत्रमा उत्पादित अदुवाका साथै कोशी कोरिडोर अन्तर्गतका पहाडी जिल्लाबाट पनि ठूलो परिमाणमा अदुवा बजारमा आउने गरेको उहाँले जानकारी दिनुभयो। सगरमाथा कोरिडोरअन्तर्गत सिन्धुलीलगायत क्षेत्रबाट समेत किसान अदुवा बिक्रीका लागि धरान आउने गरेको उहाँको भनाइ छ।

धरान कृषिउपज बजारबाट दैनिक १०० देखि २०० मेट्रिक टनसम्म अदुवा बिक्री हुने गरेको छ। धनकुटा, तेह्रथुम, सङ्खुवासभा, भोजपुर, खोटाङ, उदयपुर, पाँचथर र ताप्लेजुङलगायत जिल्लाबाट समेत किसानले अदुवा धरान बजारमा ल्याउने गरेका छन्।

## नारायणीको बाढीले चौर बगर बनाउँदा पनि ‘सी बिच’ तटबन्ध सुरक्षित

नारायणगढ। यही असोज ११ गते नारायणी नदीमा आएको बाढीले भरतपुर महानगरपालिका-१ नारायणगढस्थित नारायणी किनार को चौर बगरमा परिणत हुँदा यहाँ समृद्घी किनारको स्वरूपमा निर्माण गरिएको ‘सी बिच’ ढाँचाको तटबन्ध भने सुरक्षित रहेको छ। नदीको बाढी किनार हुँदै सडकसम्म आइपुग्दा पनि तटबन्धमा ठूलो क्षति पुगेको छैन।

सिँचाइ तथा जलस्रोत आयोजना भरतपुरका सूचना अधिकारी इन्जिनियर सागर पौडेलका अनुसार नारायणी पुलको उत्तरतर्फ ६४० मिटर लामो उक्त तटबन्ध विसं २०७९ पुस ५ गते निर्माण सुरु गरी विसं २०८० जेठ १९ गते सम्पन्न गरिएको थियो। उहाँका अनुसार नारायणी नदी किनारको चौरलाई कायम राख्दै नदी कटान रोक्ने र किनारलाई आकर्षक बनाउने उद्देश्यले तटबन्ध निर्माण गरिएको थियो।

तटबन्ध निर्माण गरिएको क्षेत्र सुरक्षित रहे पनि माथिल्लो चौरमा बाढीले बालुवा र ढुङ्गा थुपारेर बगरमा परिणत गरेको इन्जिनियर पौडेलले बताउनुभयो। “बगर बनेपछि उक्त क्षेत्रमा जानसमेत कठिन भएको छ। यद्यपि तटबन्धको माथिल्लो भागमा रहेको करिडोरमा अहिले पनि मानिसहरू टहलिने र ठेलामा व्यापार गर्नेहरूको चहलपहल देखिन्छ”, उहाँले भन्नुभयो।

सूचना अधिकारी पौडेलले नारायणी नदीको धारलाई हाल कायम रहेको दिशामा नियन्त्रण तथा स्थिर राख्न तटबन्धले महत्वपूर्ण भूमिका निर्वाह गरेको बताउनुभयो। उहाँका अनुसार तटबन्धका कारण नदीको बहाव परिवर्तन भई नारायणगढ बजारतर्फ केन्द्रित हुनबाट रोकिएको छ। यसले नारायणगढ बजार तथा आसपासका बस्ती, भौतिक संरचना र जग्गालाई नदी कटान तथा बाढीजन्य जोखिमबाट संरक्षण गर्न योगदान पुर्‍याएको छ। इन्जिनियर पौडेलले भन्नुभयो, “सी बिच ढाँचाको तटबन्ध नभएको भए यो क्षेत्र पूरै बगरमा परिणत हुन सक्थ्यो। तटबन्धका कारण किनारको चौरमा माटो भर्न र सम्याउन पनि सहज हुने भएको छ।” उहाँका अनुसार उक्त तटबन्ध निर्माण नभएको भए नारायणी नदीले आफ्नो धार परिवर्तन गरी चितवनतर्फ, विशेषगरी नारायणगढ बजार आसपासको क्षेत्रमा कटान तथा बाढीको जोखिम सिर्जना गर्न सक्ने सम्भावना थियो। तटबन्धले नदीको धार नियन्त्रण गर्नुका साथै मानव बस्ती, बजार क्षेत्र, सडक, पूर्वाधार र अन्य सम्पत्तिलाई नदीजन्य कटानबाट जोगाउन महत्वपूर्ण भूमिका खेलेको उहाँले बताउनुभयो। नारायणी नदी किनारमा निर्माण गरिएको ‘सी बिच’ क्षेत्रमा विभिन्न महोत्सव तथा सांस्कृतिक कार्यक्रम आयोजना हुने गरेका छन्। बिहान र साँझ नदी किनारमा घुम्न तथा टहलिन जाने सर्वसाधारणको चहलपहल हुने गर्दछ। साना ठेला तथा व्यापार व्यवसाय सञ्चालन गर्नेहरूका लागि पनि यो क्षेत्र आकर्षणको केन्द्र बनेको छ।

कार्यालयका अनुसार ‘नारायणी रिभर बिच प्रोटेक्सन वर्क्स’ आयोजनाअन्तर्गत रु १७ करोड ५९ लाख खर्चमा संरचना निर्माण गरिएको हो। आयोजनाअन्तर्गत आरसीसीका सिँढी निर्माण गर्नुका साथै अगाडिको भागमा ठूला ढुङ्गा प्रयोग गरी किनार संरक्षणको काम गरिएको सूचना अधिकारी पौडेलले बताउनुभयो। उहाँका अनुसार नारायणी पुलदेखि पश्चिमतर्फ चितवन क्षेत्रमा अधिकांश स्थानमा तटबन्ध निर्माण गरिएकाले यस वर्षको बाढीबाट ठूलो क्षति हुन पाएन।

## उपाध्यायलाई संस्कृत विशेष सम्मान

काठमाडौँ। संस्कृत व्याकरण, वेदान्त र साहित्य विषयका विद्वान् प्रा डा हरिशरण उपाध्यायलाई यस वर्षको संस्कृत विशेष सम्मान प्रदान गरिएको छ। जरो किलो प्रतिष्ठानले आइतबार आयोजना गरेको सम्मान कार्यक्रममा नेपाल संस्कृत विश्वविद्यालयका पूर्वउपकुलपति आचार्य पूर्णचन्द्र ढुङ्गेलले उहाँलाई सम्मान गर्नुभएको हो। लामो समय भारतको प्रतिष्ठित संस्कृत विश्वविद्यालयमा अध्यापन गराउनुभएका स्याङ्जाका उपाध्याय हाल ९५ वर्षका हुनुहुन्छ। कार्यक्रमलाई सम्बोधन गर्दै पूर्वउपकुलपति ढुङ्गेलले संस्कृत भाषामा जस्तो मानिसलाई आकर्षित गर्ने गुरुत्वाकर्षण अन्य भाषामा नभएकाले सेवा निवृत्त भएका यो भाषाको अध्ययनमा आउने गरेको बताउनुभयो। सम्मानित व्यक्तित्व उपाध्याय ले संस्कृत भाषालाई सरल बनाउन पाठ्यक्रममा परिवर्तन गर्नुपर्नेमा जोड दिनुभयो। प्राध्यापक केशवराज अर्यालगायतले उपाध्याय ले संस्कृत क्षेत्रमा पुर्‍याउनुभएको योगदानका बारेमा चर्चा गर्नुभएको थियो।

## बूढीगण्डकी बाढीः आरुघाटमा बेलिब्रिज जडानको तयारीमा खटियो सेनाको टोली

काठमाडौँ। बूढीगण्डकीको बाढीले आरुघाट-धादिङ जोड्ने मोटरेबल पुलमा बगाएपछि सो स्थानमा ‘बेलिब्रिज’ जडान गर्ने तयारीका लागि नेपाली सेनाको टोली खटिएको छ।

सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयका अनुसार सैनिक इन्जिनियरिङ टोली उक्त कामका लागि खटिइएको हो। बाढीबाट प्रभावितको उद्धारका लागि आइतबार दिनभर सेनाका एम्आई- १७ सहित चार वटा हेलिकप्टर परिचालित भएका थिए। हेलिकप्टर र स्थलमार्गबाट खटिएको फौजद्वारा प्रभावित विभिन्न क्षेत्रबाट हालसम्म जम्मा ९५ जनालाई उद्धार गरी सुरक्षित स्थानमा पुर्‍याइएको निर्देशनालयले जनाएको छ। सैनिक टोलीले गोरखाको जगतबाट १७, यारुबाट दुई, ठूलोढुङ्गाबाट १३, दोभानबाट तीन, फिलिमबाट दुई, न्याक्फेदीबाट १७, पायुबाट १२, नामरुङबाट तीन, देङबाट तीन र धौलीबाट तीन जनाको उद्धार गरेको हो। उद्धार गरिएकामध्येबाट नौ विदेशीसहित ३५ जनालाई आरुघाटबाट काठमाडौँ ल्याइएको छ। प्रभावित क्षेत्रमा अन्य सुरक्षा निकाय तथा सम्बन्धित सरोकारवालासँगको समन्वयमा खोज तथा उद्धार कार्य जारी रहेको सेनाले जनाएको छ।

## राष्ट्रसेवक कर्मचारी समाजबाट वाणिज्य सचिव तामाङ सम्मानित

काठमाडौँ। राष्ट्रसेवक कर्मचारी समाज, नुवाकोटले समाजका पूर्वअध्यक्ष एवं नेपाल सरकारको सचिवमा हालै बढुवा हुनुभएका राष्ट्रसेवक रुद्रसिंह तामाङलाई आइतबार सम्मान गरेको छ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका पदस्थापन हुनुभएका तामाङलाई समाजका अध्यक्ष डा उदयबहादुर रानामगर, संस्थापक अध्यक्ष डा केदारनरसिंह केसी, नेपाल सरकारका पूर्वसचिव द्वय तुलसीप्रसाद थपलिया र रामप्रसाद थपलियालगायतले सफल कार्यकालको कामनासहित सम्मान प्रदान गर्नुभयो। सचिव तामाङले सरकारले दिएको जिम्मेवारीलाई इमानदरपूर्वक निर्वाह गर्ने सङ्कल्प गर्दै प्राप्त शुभकामना र बधाईप्रति आभार व्यक्त गर्नुभयो।

समाजका अध्यक्ष एवं रक्षा मन्त्रालयका सहसचिव रानामगरले नुवाकोटको औद्योगिक पार्क बन्नसक्ने भएकाले त्यसका लागि उद्योग मन्त्रालयबाट पहल गर्न आग्रह गर्नुभयो। नुवाकोटमा हुने विकास निर्माणका लागि आफूहरुले जहाँ रहेर पनि समन्वय र सहजीकरण गर्ने उहाँको भनाइ थियो। कार्यक्रममा संस्थापक अध्यक्ष डा केसी, सचिवद्वय सिटौला र थपलिया, नेपाल प्रहरीका अतिरिक्त महानिरीक्षक डा मनोज केसी, राष्ट्रिय परीक्षा बोर्डका सदस्यसचिव जङ्गबहादुर अर्याल, सशस्त्र प्रहरी बलका पूर्वमहानिरीक्षक पुष्पराज केसी, गैह्रआवासीय नेपाली सङ्घ (एनआरएनए), बेलायतका अध्यक्ष राजेन्द्र पुडासैनीलगायतले नजिकिँदै दसैँहित विभिन्न चाडपर्वको शुभकामना दिँदै सचिव तामाङलाई कार्यकाल सफलताको कामना गर्नुभयो।

बागमती प्रदेश सरकार
कृषि,पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

**डिभिजन वन कार्यालय**

धादिङबेशी,धादिङ

**वन पैदावर लिलाम बिक्री सम्बन्धी सुचना**

प्रथम पटक प्रकाशित सूचना २०८३/०६/२६

यस डिभिजन वन कार्यालय धादिङबाट विभिन्न मुद्दामा बरामद भएका तथा विभिन्न कार्यालयहरूबाट कटान भई विभिन्न स्थानमा घाटगद्दी भएका तपसिल बमोजिमका वन पैदावार काठ, दाउराहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी शिलवन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले प्रथम पटक यो सूचना प्रकाशित गरिएको छ। वन पैदावारको कारोबार गर्ने उद्देश्यले मू.अ.कर वा स्थायी लेखा नं. (PAN) मा दर्ता भई डिभिजन वन कार्यालयमा सूचिकृत भएका ईच्छुक फर्म, स:मिल तथा उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१ (एकाईस) दिन भित्र यस कार्यालयबाट बोलपत्र फारम खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। थप जानकारीको लागि कार्यालयमा प्रकाशित विस्तृत सूचना हेर्न हुन अनुरोध छ।

तपशिल

| लट नं. | जात | थान | ग्रेड | परिमाण (क्यु.फि.) | न्यूनतम मूल्य रू. | संकलन खर्च | घाटगद्दीस्थल |
|---|---|---|---|---|---|---|---|
| १/०८३/०८४ | साल | ३ | A | ३०.७३ | १,११,६५१.५।- | नियमानुसार | गल्छी-७ सिम बजार, धादिङ |
| | साल | ३ | B | १८.७१ | | | |
| | साल | २६ | C | ७२.४१ | | | |
| | बोटधयरो | १ | - | ३.३१ | | | |
| | फलिट | ५ | - | १८.०७ | | | |
| | अमारो | ७ | - | २८.१६ | | | |
| | | ४५ | | १७१.३९ | | | |
| | दाउरा चट्टा (३३३.३३ क्यू.फी.) | - | - | १ चट्टा | | | |
| २/०८३/०८४ | जंङ्गली सिसौ | ६ | A | ४९.१ | १,१७,४३५।- | | डिभिजन वन कार्यालय, धादिङ |
| | जंङ्गली सिसौ | ४ | B | १९.१ | | | |
| | जंङ्गली सिसौ | १४ | C | ४२.७ | | | |
| | जंङ्गली सिसौ | २४ | D | ३२.४ | | | |
| | | ४८ | | १४३.३ | | | |

विस्तृत जानकारीको लागी कार्यालयको फोन नं. ०१०-५२०१२५

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com